# Upakar Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था

Head Office Kohalpur-11 Banke

उपकार

## Unaudited Financial Results( Quaterly)

As at 1st Quarter of the Fiscal Year 2081/082

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2635421.00** | **2555387.00** | **2256723.00** |
| **1.1** | **Paid-up Capital** | 106148.00 | 106148.00 | 106148.00 |
| 1.2 | Reserves and Surplus | 150291.00 | 127443.00 | 100036.00 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 772540.00 | 746827.00 | 648235.00 |
| 1.5 | Deposits (a+b) | 1228758.00 | 1195759.00 | 1096723.00 |
| | a. Domestic Currency | 1228758.00 | 1195759.00 | 1096723.00 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | 10123.00 |
| 1.7 | Other Liabilities | 377684.00 | 379210.00 | 295458.00 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2635421.00** | **2555387.00** | **2256723.00** |
| 2.1 | Cash & Bank Balance | 248059.00 | 256895.00 | 206439.00 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | | | |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 2243975.00 | 2177629.00 | 1996041.00 |
| | a. Real Estate Loan | | | |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | 2243975.00 | 2177629.00 | 1996041.00 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | | | |
| 2.5 | Fixed Assets | 8682.00 | 8325.00 | 9916.00 |
| 2.6 | Non-Banking Assets | | | |
| 2.7 | Other Assets | 134705.00 | 112538.00 | 44327.00 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 71016.00 | 299390.00 | 58539.00 |
| 3.2 | Interest Expense | 45032.00 | 166391.00 | 40956.00 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **25984.00** | **132999.00** | **17583.00** |
| 3.3 | Fees Commission and Discount | 466.00 | 2388.00 | 426.00 |
| 3.4 | Other Operating Income | 4835.00 | 18591.00 | 2604.00 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **31285.00** | **153978.00** | **20613.00** |
| 3.6 | Staff Expenses | 22383.00 | 107467.00 | 27653.00 |
| 3.7 | Other Operating Expenses | 3737.00 | 17357.00 | 3953.00 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **5165.00** | **29154.00** | **-10993.00** |
| 3.8 | Provision for Possible Loss | 6602.00 | 8314.00 | 25798.00 |
| **D** | **Operating profit (C-3.8)** | **-1437.00** | **20840.00** | **-36791.00** |
| 3.9 | Non-Operating Income/Expenses (Net) | -75.00 | -401.00 | |
| 3.10 | Write Back of Provision for Possible Loss | 5923.00 | 9047.00 | 3040.00 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **4411.00** | **29486.00** | **-33751.00** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **4411.00** | **29486.00** | **-33751.00** |
| 3.12 | Provision For Staff Bonus | 441.00 | 2949.00 | |
| 3.13 | Provision For Tax | 1191.00 | 7961.00 | |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **2779.00** | **18576.00** | **-33751.00** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.58% | 11.02% | 10.51% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 1.25% | 2.13% | 4.83% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 244.00% | 144.00% | 96.00% |
| 4.4 | Cost of Funds | 9.61% | 8.40% | 9.61% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 182.60% | 182.00% | 114.38% |

**Note:** Above financial Figures are Subjected to Change if instructed by statuary audit and regularity authority.

Interest on deposit and Loan & Advance **Deposit :** 7.5% to 10% **Loan & Advance** 8.5% to 15%

**धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व २०८१/८२ को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

(क) त्रैमासिक वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरू

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ४.१६ | ७७३.८३ | २३७.४३ | २४८२.७७ | २०.५५ |

**२. व्यवस्थापकिय विश्लेषण :**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुखकारण सम्बन्धि विवरण :**

आर्थिक वर्ष २०८१/२०८२ को प्रथम त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको तरलताको समस्यालाई ब्यबस्थापन गरि कर्जा लागानी एंव बचत परिचालन गरिएको छ, चालु आर्थिक बर्षको पहिलो त्रैमासिक अवधिमा विभीन्न बैंक तथा वित्तीय संस्थाबाट कम ब्याजदरमा कर्जा उपलब्ध भएको र लघुवित्त कार्यक्रमलाई नकारात्मक असर पार्ने बाह्य वातावरणीय प्रभावहरूमा समेत केहि सुधार आएकोले कार्यक्रम सञ्चालनमा केहि सहजता महसुस गरिएको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण :**

प्रादेशिक स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुँच अभिवृद्धि गराई गरिबी घटाउने, वित्तीय समावेशिकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामिण समुदमयमा लघुवित्त सेवा विस्तार उद्देश्य अनुरुप लुम्बिनि प्रदेशका सम्पुर्ण जिल्लाहरूमा कार्यक्रम बिस्तार गरि कार्यक्रम संचालन गरि थप कर्जा लगानी तथा बचत संकलनलाई बृद्धि गर्दै लगेको छ । यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एंव सुनिश्चित भविश्यका लागी संस्थाले छरिएर रहेको बचत संकलनलाई जोड दिदै आईरहेकोछ । सदस्यहरूको दिगोपनलाई ध्यानमा राखी उनिहरूमा स्वरोजगार सृर्जना गर्ने उद्देश्यले उद्यमशिल र उत्पादनशिल क्षेत्रमा कर्जा प्रवाह गरि दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ संस्था अग्रसर रहेकोछ । आगामी आर्थिक वर्ष २०८१/२०८२ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागी प्रविधिको उच्चतम प्रयोगमा सदस्य, कर्मचारीहरूको दक्षता एंव कार्य कुशलतामा अभिवृद्धि गर्न कर्मचारीको उत्पादकत्व वृद्धि गर्न एंव आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तालिम, गोष्ठी कार्यक्रम संचालन भईरहेकोछ ।व्यवसायिक योजना अनुरुप लक्ष्य प्राप्तीका लागी आवश्यक कामहरू भईरहेका छन । वित्तीय संस्थाले प्रदानगर्ने सेवातथा सुविधाहरूलाई सदस्यको आवश्यक्ता अनुरुप समय सापेक्ष परिष्कृत गर्दे सदस्यहरूमा उद्यमशिलता तथा व्यवसायिक सीप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई विस्तार गर्दे लैजान व्यवस्थापन प्रतिवद्ध रहेकोछ ।

**(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुलीमा भएको सकारात्मकताले गर्दा आगामी दिनमा वित्तीय संस्थाको कार्यक्रमको गुणस्तर सुदृढ भई आम्दानीमा अझ बृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ । लघुवित्त संस्थाहरूमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा सदस्यहरूमा कर्जाको अधिक भार बढ्नुका साथै विभिन्न समुहहरूका नाममा फैलाईएको विकृतिले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न गएको छ । कर्जा सुचना केन्द्रको प्रभावकारीता बृद्धि हुदै जाँदा जोखिमहरू क्रमशः न्यून हुँदै जाने देखिन्छन् ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।

(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ । वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधिभित्र रही प्रवाहित गरिने छ । लगानीकर्ताहरूको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार मिति २०८१/०३/०१ देखि २०८१/०६/३० सम्मको अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ । (श्रोत : https://www.nepalstock.com)

| अधिकतम मूल्य (रु.) | न्यूनतम मुल्य (रु.) | अन्तिम मूल्य (रु.) | कारोवार भएको कुल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ३६३० | २०३९ | ३२१६ | ५७ | ५३५४ |

**५. समस्या तथा चुनौती:**

लघुवित्त संस्थाहरूबीच उत्पन्न अस्वस्थ प्रतिस्पर्धा, लघुवित्त वित्तीय संस्था विरोधी कार्यक्रमद्धारा लघुवित्त संस्थाहरू प्रति फैलाइएको नकारात्मक भ्रम (लघुवित्त वित्तीय संस्था विरुद्ध संघर्ष समिती) तथा सदस्यहरूको दोहोरोपना, सदस्यहरूमा कर्जाको अधिक भार, बैंकिङ्ग क्षेत्रमा देखा पर्ने अस्थिर तरलताको अवस्था आदि कारणले कार्यक्रमको गुणस्तर कायम राख्न थप चुनौतीको सामना गर्नु परेको छ । यसका साथै नियमनकारी निकायबाट समय समयमा परिवर्तन भई जारी हुने नीति, नियम तथा निर्देशन आदिको कारण संस्थामा संचालन जोखिम बढ्न सक्ने र सोको न्यूनीकरणका लागि थप चुनौती रहेको छ ।

**६. संस्थागत सुशासन :**

नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीतिनियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिवद्ध र प्रतिवद्ध रहँदै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू तथा कानुनहरूको परिपालनामा विषेश ध्यान दिँदै आफ्ना शेयरधनीहरू, सर्वसाधारण सदस्यहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष् गर्दछु की मैले जाने वुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पुर्ण छन् । लगानीकर्ताहरूलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरू लुकाईएको छैन ।

**८. नियम २६ को उपनियम (५) सग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण :** नभएको ।